निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, बाँके
लुम्बिनी प्रदेश

प.सं. २०८२/०८३
च.नं. ३८६

मिति: २०८२/१०/२०
ने.सं. ११४६ सिल्लागा

विषय: सूचना टाँस गरी मुचुल्का पठाईदिन हुन ।

श्री जिल्ला स्थित सम्पूर्ण सरकारी निकाय वा सार्वजनिक संस्था
सबै, बाँके ।

उपरोक्त सम्बन्धमा अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०८२ बमोजिम तहाँबाट प्राप्त भएका अस्थायी मतदाता नामावली विवरणमा छुट भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटि सच्याउनका लागि निवेदन दिनको लागि प्रारम्भिक अस्थायी मतदाता नामावली सम्बन्धित निकाय वा संस्थाले आफ्नो कार्यालयको विवरण संलग्न Excel Soft copy बाट Filter गरी नामावलीमा नाम भएका व्यक्तिहरुले देख्ने ठाउँमा टाँस गरी सोको मुचुल्का निर्वाचन कार्यालयमा पठाउने व्यवस्थाका लागि अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रमको क्र.सं. ४ को प्रयोजनार्थ प्रकाशन गर्नका लागि पठाईएको छ । कार्यविधिको दफा ९ को उपदफा ४ बमोजिम तहाँ कार्यालयमा टाँस गरी मुचुल्का यस कार्यालयको ईमेल hrpaelectionibanke@gmail.com मा पठाईदिन हुन अनुरोध छ ।

०८२/१०/२०

टेक बहादुर शाही
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी


E-mail: deo.banke@election.gov.np ☎ ०८१-५३०६७६ ९८५८०५५६७६

निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, बाँके
लुम्बिनी प्रदेश

प.सं. २०८२/०८३ मितिः २०८२/१०/२०
च.नं. ने.सं. ११४६ सिल्लागा

# सूचना

विषयः **अस्थायी मतदाता नामावली प्रकाशन भएको सूचना ।**

उपरोक्त सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनका लागि मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम अस्थायी मतदाता नामावली तयार गर्नका लागि मिति २०८२।१०।२० गते प्रमुख नाम दर्ता अधिकारीको कार्यालय (जिल्ला निर्वाचन कार्यालय)मा प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन भईसकेको छ । सो नामावलीमा तपसिल बमोजिमको क्रियाकलाप सहित अस्थायी मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध कार्यक्रम सञ्चालन हुने भएकोले सम्बन्धित सबै कार्यालय संघसंस्थाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

०८२।१०।२०

टेक बहादुर शाही
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी


E-mail: deo.banke@election.gov.np ☎ ०८१-५३०६७६ ९८५८०५५६७६

अनुसूची-१

(दफा ५ को उपदफा- ३ सँग सम्बन्धित)

**अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम**

निर्वाचन आयोग

# प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

बाँके जिल्ला

| क्र. सं. | विषय | मिति | | सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रमुख नाम दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी , कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको बृद्धाश्रममा बसेका ब्यक्तिहरु, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीलाई अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पठाउन जानकारी गराउने । | २०८२/०९/१५ | २०८२/०९/१८ | |
| २ | क्र.सं. १ बमोजिम सम्बन्धित निकायका प्रमुखले अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको मतदाता नम्बर सहित अनुसूची-३ बमोजिम नामावली (अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्ति) प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने । | २०८२/०९/१९ | २०८२/१०/१८ | |
| ३ | विवरणमा त्रुटि सच्याउनको लागि प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/१०/२० | | निर्वाचन कार्यालय |
| ४ | प्रारम्भिक अस्थायी मतदाता नामावलीमा छुट भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटि सच्याउन निवेदन दिने। | २०८२/१०/२० | २०८२/१०/२४ | निर्वाचन कार्यालय |
| ५ | अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/१०/२५ | | निर्वाचन कार्यालय |
| ६ | प्रारम्भिक तथा संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा दावी विरोधका लागि निवेदन पेश गर्ने । | २०८२/१०/२५ | २०८२/१०/२९ | निर्वाचन कार्यालय |
| ७ | दाबी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने । | २०८२/११/०१ | २०८२/११/०२ | निर्वाचन कार्यालय |
| ८ | क्र.सं. ७ बमोजिम अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने । | २०८२/११/०३ | २०८२/११/०४ | निर्वाचन कार्यालय |
| ९ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/११/०५ | | निर्वाचन कार्यालय |

__द्रष्टव्य:__ यो कार्यक्रम सार्बजनिक बिदाको दिनमा समेत सञ्चालन गरिनेछ ।

जिल्ला निर्वाचन अधिकारी

आज मिति २०८२ साल माघ १९ गते सोमबार बेलुका ५:०० बजे यस बाँके जिल्लाका अन्तिम अस्थायी मतदाता नामावली तयार गर्नका लागि जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा ब्यवस्थापन समितिको संयोजक प्रमुख जिल्ला अधिकारी श्री दिल कुमार तामाङ ज्यूको संयोजकत्वमा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा उक्त समितिको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री दिल कुमार तामाङ ज्यू, जिल्ला प्रशासन कार्यालय, बाँके, | संयोजक |
| प्रमुख सेनानी, श्री रामचन्द्र श्रेष्ठ ज्यू, ब्रज दल गण, बाँके | सदस्य |
| प्रहरी उपरीक्षक श्री अंगुर जि.सी. ज्यू, जिल्ला प्रहरी कार्यालय, बाँके | सदस्य |
| शसस्त्र प्रहरी उपरीक्षक, श्री भिम बहादुर चन्द ज्यू, शसस्त्र प्रहरी बल नेपाल ३० नं गण, बाँके | सदस्य |
| उप-अनुसन्धान निर्देशक, श्री हरिश बिष्ट ज्यू, जिल्ला अनुसन्धान कार्यालय, बाँके | सदस्य |
| नि. कार्यालय प्रमुख, श्री दिपेन्द्र प्रसाद पौडेल ज्यू, कारागार कार्यालय, नेपालगञ्ज | सदस्य |
| कार्यालय प्रमुख, श्री जालन्धर भुसाल ज्यू, कारागार कार्यालय, नौबस्ता | सदस्य |
| जिल्ला निर्वाचन अधिकारी, श्री टेक बहादुर शाहीज्यू, जिल्ला निर्वाचन कार्यालय, बाँके, | सदस्य सचिव |

आमन्त्रितः

१. प्रमुख कोष नियन्त्रक- श्री सर्वोदय उपाध्याय

२. सहायक प्रमुख जिल्ला अधिकारी श्री महेश कुमार गुरुङ, जिल्ला प्रशासन कार्यालय, बाँके

३. कम्प्युटर अपेटर श्री युवराज पन्त, जिल्ला निर्वाचन कार्यालय, बाँके

निर्णय नं १

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तरगत हुने निर्वाचन प्रयोजनको लागि मिति २०८२ मंसिर २५ गते बसेको जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा ब्यवस्थापन समितिको बैठकको निर्णय नं १ बमोजिम अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार सम्बन्धित निकाय वा संस्थाले मिति २०८२ माघ १८ गतेसम्म प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा विवरण पठाउने समय सीमा रहेकोमा अनुसूची ३ (अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेका व्यक्तिको नामावली प्रमाणित गर्ने फाराम) बमोजिमको ढाँचामा विवरण १२१ वटा कार्यालयबाट प्राप्त भएको उल्लेखित विवरणको मतदाता नामावली रुजु गर्दा २,३३८ जना मतदाताको विवरण संकलन भएकोले अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार मिति २०८२ माघ २० गते प्रारम्भिक अस्थायी मतदाता नामावली अनुसूची -४ बमोजिमको ढाँचामा प्रमुख नामदर्ता अधिकारीको कार्यालय (जिल्ला निर्वाचन कार्यालय) बाँकेमा हुने र कार्यविधिको दफा ९ अनुसार सम्बन्धीत कार्यालयमा मतदाता नामावलीमा नाम भएका ब्यक्तिहरुले देख्ने ठाउँमा टाँस गरी सोको मुचुल्का निर्वाचन कार्यालयमा पठाउँन सम्बन्धीत निकाय वा संस्थामा पत्राचार गर्नका लागि निर्णय गरियो ।

निर्णय नं २

निर्णय नं १ अनुसार प्रकाशन गरिएको अस्थायी मतदाता नामावलीलाई अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार अस्थायी मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध कार्यक्रम सञ्चालन गर्न निर्वाचन आयोगबाट प्राप्त अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम सञ्चालन गरी अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने निर्णय गरियो ।

अनुसूची-१

(दफा ५ को उपदफा- ३ सँग सम्बन्धित)

अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम

निर्वाचन आयोग

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

बाँके जिल्ला

| क्र. सं. | विषय | मिति | | सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रमुख नाम दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी , कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार | २०८२/०९/१५ | २०८२/०९/१८ | |

| | | | | |
|---|---|---|---|---|
| | वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको बृद्धाश्रममा बसेका व्यक्तिहरु, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीलाई अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पठाउन जानकारी गराउने । | | | |
| २ | क.सं. १ बमोजिम सम्बन्धित निकायका प्रमुखले अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको मतदाता नम्बर सहित अनुसूची-३ बमोजिम नामावली (अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्ति) प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने । | २०८२/०९/१९ | २०८२/१०/१८ | |
| ३ | विवरणमा त्रुटि सच्याउनको लागि प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/१०/२० | | निर्वाचन कार्यालय |
| ४ | प्रारम्भिक अस्थायी मतदाता नामावलीमा छुट भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटि सच्याउन निवेदन दिने। | २०८२/१०/२० | २०८२/१०/२४ | निर्वाचन कार्यालय |
| ५ | अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/१०/२५ | | निर्वाचन कार्यालय |
| ६ | प्रारम्भिक तथा संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा दावी विरोधका लागि निवेदन पेश गर्ने । | २०८२/१०/२५ | २०८२/१०/२९ | निर्वाचन कार्यालय |
| ७ | दाबी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने । | २०८२/११/०१ | २०८२/११/०२ | निर्वाचन कार्यालय |
| ८ | क.सं. ७ बमोजिम अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने । | २०८२/११/०३ | २०८२/११/०४ | निर्वाचन कार्यालय |
| ९ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०८२/११/०५ | | निर्वाचन कार्यालय |

द्रष्टव्यः यो कार्यक्रम सार्बजनिक बिदाको दिनमा समेत सञ्चालन गरिनेछ ।

## निर्णय नं ३

अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०८२ को दफा १७ अनुसार बाँके जिल्लामा आवश्यक पर्ने अस्थायी मतदान केन्द्रको सङ्ख्या र स्थानका सम्बन्धमा देहाय बमोजिम हुने निर्णय गरियो ।

देहायः

| सि.नं. | अस्थायी मतदान स्थल रहने स्थान | कैफियत |
|---|---|---|
| १ | जिल्ला पशु सेवा कार्यालय बाँके | |
| २ | कारागार कार्यालय नौबस्ता कोहलपुर, बाँके | |
| ३ | कारागार कार्यालय नेपालगञ्ज बाँके | |

१०/१३